Coronavirus CivActs Campaign presents

CIVIC ACTION TEAMS

# FAIR FACTS

अंक १२१

२८।०५।२०७८



## भकुण्डेबेशी-नमोबुद्ध नगरपालिकाले खोप केन्द्रसम्म पुग्न नसक्ने जेष्ठ नागरिकहरुका लागि घरघरमै पुगेर कोरोना विरुद्धको खोप लगाउने व्यवस्था गरेको छ ।

*तस्विर: केशवराज पौडेल*




२०७८ साल असोज मसान्त भित्रमा सरकारले थप ६० लाख मात्रा कोरोना विरुद्धको खोप ल्याउने तयारी गरेको छ ।

*थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्*

## यस अंक भित्र

**के गत वर्ष जस्तै यस वर्ष पनि दशैं तिहारको समयमा कोभिड - १९ को संक्रमण बढ्ला ?**

किनमेल गर्दा र आफन्तसँगको भेटघाट बढाउँदा अघिल्लो वर्ष दशैंमा संक्रमण बढेको थियो ।

**निपा भाईरसको हल्ला छ । यो कसरी सर्छ ? यसको संक्रमण हो भनेर कसरी थाहा पाउने?**

चमेराबाट सुँगुर, गाई, गोरु हुदै मानिसमा, संक्रमित पशुबाट फलफुल हुदै मानिसमा र संक्रमित मानिसबाट मानिसमा पनि निपा भाईरस सर्न सक्दछ।


**सरकारले विद्यालय-विद्यालयमा नसिंङ सेवा सञ्चालन गर्दैछ रे । के सबै विद्यालयमा हो ?**

नसिंङ सेवा लागु गर्नको लागि विद्यालय छनौट गर्दा विद्यार्थीको संख्या कम्तिमा पनि ५०० जना र किशोरीको संख्या बढी भएको हुनुपर्दछ ।

# फ्याक्ट सिट

## के गत वर्ष जस्तै यस वर्ष पनि चाड तिहारको समयमा कोभिड - १९ को संक्रमण बढ्ला ?

### २०७७ सालको दशैंको समयमा दैनिक कोभिड - १९ बाट संक्रमितको संख्या




गत वर्ष दशैंको समयमा सरकारले लकडाउन गरेको थियो । त्यती हुँदा पनि दशैं आउनु भन्दा केही हप्ता अगाडीको तुलनामा दशैंको समयमा संक्रमण १५०% ले बढेको थियो । यद्यपी सरकारले आवागमनमा कडाई गरेको थियो, तर पनि लुकेर किनमेल गर्दा र आफन्तसँगको भेटघाट बढाउँदा संक्रमण बढेको थियो ।

केही हप्ता यता कोभिड - १९ का नयाँ संक्रमितको संख्या औषतमा दैनिक १५०० को हाराहारीमा पुगेको छ । त्यसै गरेर, संक्रमण दर पनि घटेर १०% भन्दा पनि कम भएको छ । खोप लगाउनेहरुको संख्या दिन प्रतिदिन बढ्दैछ । जसले गर्दा सरकारलाई थुप्रै ठाउँमा निशेधाज्ञा खुकुलो पार्न सजिलो भएको छ । काठमाण्डौमा त, पूर्ण रुपमा खुला नै भएको छ । त्यसैले पनि अघिल्लो वर्षको तुलनामा यो वर्ष दशैंमा मानिसहरुको आवतजावत बढ्ने निश्चित छ । यदि मानिसहरुले स्वास्थ्य सुरक्षा मापदण्डको पालना नगर्नेहो भने, दैनिक संक्रमितको संख्या बढ्नसक्ने सम्भावना पनि उत्तिकै छ । खोपले मात्र पूर्णरुपमा रोग प्रतिरोधी बनाउछ भन्ने हुँदैन । त्यसैले पनि हामि यस वर्षको दशैंमा बढी सचेत हुनुपर्ने देखिन्छ । मास्कको सहि प्रयोग गरौं, आफु सुरक्षित रहौं, अरुलाई पनि सुरक्षित राखौं ।

स्रोत : https://cutt.ly/FWgiDCS

# हल्ला र तथ्य

? फेरी निपा भाईरसको हल्ला छ । यो चाहीँ कसरी सर्छ ? यसको संक्रमण भयो भनेर कसरी थाहा पाउने ?

यो भाईरस सन् १९९९ मै सबै भन्दा पहिले मलेसियामा एक जना सुँगुर पालक किशानमा देखा परेको थियो । विशेष गरेर यो भाईरस चमेराबाट सर्दछ । तर, चमेराबाट सुँगुर, गाई, गोरु हुँदै मानिसमा, संक्रमित पशुबाट फलफुल हुँदै मानिसमा र संक्रमित मानिसबाट मानिसमा पनि सर्न सक्दछ । यसका लक्षण भनेका ज्वरो आउने, रिंगटा लाग्ने, टाउको तथा मांसपेशी दुख्ने, वाकवाकी लाग्ने। श्वासप्रश्वासमा कठिनाई हुने र टन्सिलाईटिस हुनु हो । यसको पहिचान गर्ने विधि पनि कोरोना भाईरस जस्तै आरटि पिसिआर विधि नै हो । यस भाईरसको अहिले सम्म कुनै पनि खोप तथा औषधी पत्ता लागेको छैन ।

Source: https://www.who.int/news-room/fact-sheets/detail/nipah-virus

? अहिले कुनै कुनै ठाउँमा निशेधाज्ञा कायमै भनेको छ । पसल, यातायात र अन्य सबै गतिविधि चलेकै छन् त ? फेरी निशेधाज्ञा के का लागि ?

सरकारले २०७८ श्रावण देखी कोभिड - १९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन कार्यविधि कार्यान्वयनमा ल्याएको छ । सो कार्यविधि अनुसार लकडाउनलाई जोखिम मुल्यांकनको आधारमा चार भागमा विभाजन गरिएको छ । जस अनुसार हार्ड लकडाउन, मिक्स्ड लकडाउन, सफ्ट लकडाउन र मिनिमल लकडाउन रहेकाछन् । यदि कुनै ठाउँमा मिनिमल लकडाउन लागु छ भने स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्दै भिडभाड नहुने गरी गतिविधी सञ्चालन गर्न पाईन्छ । अन्य प्रकारका स्मार्ट लकडाउनमा के गर्न पाईन्छ, के गर्न पाईदैन भनेर तलको लिंकमा विस्तृत रुपमा उल्लेख गरिएको छ ।

Source: https://mofaga.gov.np/news-notice/2480


? अब सरकारले विद्यालय-विद्यालयमा नर्सिङ सेवा सञ्चालन गर्दैछ रे । के सबै विद्यालयमा हो ?

होईन, त्यसको लागि सरकारले मापदण्ड बनाएको छ । आ.व. २०७६/७७ मा १२ वटा स्थानीय तह, आ.व. २०७७/७८ मा थप १० वटा स्थानीय तह र आ.व. २०७८/७९ मा थप २ वटा गरी जम्मा २४ वटा स्थानीय तहका २२२ वटा माध्यामिक विद्यालयमा स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम लागु गरिएको छ । सो सेवा लागु गर्नको लागि विद्यालय छनौट गर्दा विद्यार्थीको संख्या कम्तिमा पनि ५०० जना र किशोरीको संख्या बढी भएको हुनुपर्दछ । त्यसै गरेर, सम्बन्धित स्थानीय तहले मापदण्ड पुरा गरेका विद्यालय छनौट गरेर सम्झौता गरी कार्यक्रम लागु गर्नुपर्दछ ।

Source: https://dohs.gov.np/wp-content/uploads/2021/09/Local-Levle-Final-Guideline-2078.079.pdf

# कोभिड - १९ खोपको ताजा अपडेट

अहिलेसम्म प्राप्त जम्मा खोपको मात्रा **१,०५,२६,२७०**




हामीले यस अघि प्रस्तुत गरेको भन्दा यस पटक **५.५%** ले बृद्धी

१८ वर्ष माथिको जम्मा जनसंख्या *(खोपको लागि योग्य जनसंख्या)*:
**२,०२,९१,२५४**

१८ वर्ष उमेर समुह माथि पूर्ण खोप प्राप्त जनसंख्या प्रतिशतमा
**२५.४६%**


१८ वर्ष उमेर समुह माथीको जम्मा जनसंख्यालाई आवश्यक जम्मा खोपको मात्रा
**३,७५,१२,८०८**

## चीनबाट आउने थप खोपको मात्रा

खरिद गरिएको :
**४४,००,०००**

अनुदानमा प्राप्त गर्ने:
**१६,००,०००**

खोप असोज मशान्त सम्म आईपुग्ने भनिएको छ ।




COCAP

# श्रमिक साथी

Shramik Sanjal

## कतारमा १८ अगष्ट २०२१ सम्म आवेदन दिएका नेपालीको राहदानी वितरणको लागि तयारी

### यूएई




- दुबईले Expo – 2020 Visitors का लागि ९ ओटा स्थानमा नि:शुल्क बस सेवा सुरु गरेको छ।
- Umm Al Quwain मा २३२ बेड सहितको कोभिड फिल्ड अस्पताल खुला भएको छ ।
- यूएईले साउदी अरब र यूएई बिचको उडान पुन: खुला गरेको छ । अब साविकमा जसरी नै उडान हुनेछन् ।
- ६ महिना भन्दा बढी यूएई बाहिर भएर भिषा सकिएका यूएई रेसिडेन्स भिषा वाहकहरुलाई नयाँ यूएईले प्रवेशाज्ञामा प्रवेश दिने भएको छ । यसका लागि विश्व स्वास्थ्य संगठनले मान्यता दिएका खोपको पूर्ण मात्रा लगाईसकेको हुनुपर्ने छ ।

### कतार




- एतराज एप्समा तेस्रो मात्रा खोपको विवरण अपडेट आएको छ । फाइजर र मोडर्ना कम्पनीको दोस्रो मात्रा खोप लगाएको ८ महिना बितिसकेका उच्च जोखिम बर्गमा पर्ने व्यक्तिहरुलाई सेप्टेम्बर १५ देखि तेस्रो मात्रा (बुस्टर डोज) खोप वितरण गर्ने स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।
- १८ अगष्ट २०२१ सम्म आवेदन दिएकाहरुको राहदानी वितरणको लागि तयार भएको नेपाली दूतावासले जानकारी दिएको छ । राहदानी लिनका लागि राजश्व तिरेको रसिद र हाल साथमा रहेको राहदानी लिएर बिहान ११ बजेदेखि अपरान्ह ३ बजेसम्म दूतावास जानूपर्ने छ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ।

# कथा किनाराको

## युद्धले वैदेशिक रोजगारीमा लखेटिएका मायाराम, नेपाली सेनाको जागिरे देखी जनप्रतिनिधी सम्म

ज्वालामुखी – ७, धादिङका मायानाथ सिलवालले २०४९ सालमा एसएलसी पास गरे । गाउँमा उच्च शिक्षा पढ्ने क्याम्पस थिएन । केही वर्ष घरखेतमै बिताए । निम्न मध्यम परिवारका उनलाई परिवारको गर्जो टार्न पनि पैसा कमाउनु थियो । २०५६ साल तिर को कुरा हो, साथिभाईबाट नेपाली सेनामा जागिर खुलेको थाहा पाए । आवेदन दिए र छनौट पनि भए । द्वन्दकाल भएकोले सेनाको जागिर खान त्यती सजिलो भने थिएन । केही वर्ष उनको जागिर राम्रै चल्यो । तर, विस्तारै उनको परिवारले असुरक्षित महसुस गर्नथाल्यो । आफ्नो जागिरका कारण आफु र परिवारलाई खतरा हुने देखेपछि जागिर खाएको पाँच वर्षमा बि.सं २०६१ सालमा सिलवालले नेपाली सेनाको जागिर छोडे । उनको सामुन्ने ज्यान जोगाउने विकल्प वैदेशिक रोजगार मात्र थियो । त्यो बेला वैदेशिक रोजगारीमा जाने प्रकृया के हो, कसलाई भेट्ने ? केही थाहा थिएन । जागिर छोडे लगत्तै उनी भारत हुँदै भिजिट भिषामा अफगानिस्तान पुगे ।

भिजिट भिषामा गएकोले उनलाई त्यहाँ काम गर्न सोचे जस्तो सजिलो भएन । त्यसपछि उनी नेपाल फर्किए । उनलाई जसरी पनि घरबाट टाढै बस्नु थियो । उनी सुरक्षा गार्डको काम गर्न मलेसिया गए । तिन वर्ष मलेसिया बसाई पछि उनी नेपाल फर्किए । त्यसबेला सम्म देशमा पनि द्वन्द अन्त्य भईसकेको थियो । बिद्रोही पक्ष राजनीतिक मुलधारमा आईसकेको थियो । सानै देखी उनी सामाजिक कार्यमा रुचि राख्दथे । नेपाल फर्केपछि उनी युवा क्लव, सहकारी संस्थासँग आवद्ध भए । २०७४ सालको स्थानीय चुनाव मार्फत उनी जनप्रतिनिधीमा चुनिए ।

> द्वन्दले उनलाई वैदेशिक रोजगारीमा धकेल्यो । अहिले पनि थुप्रै युवाहरूको रोजाई चाहेर वा नचाहेर वैदेशिक रोजगारी हुने गरेको छ । उनी जनप्रतिनिधी भईसकेपछि आफुले वैदेशिक रोजगारीका क्रममा भोगेको दु:ख अरुले भोग्नु नपरोस भनेर आफै उदाहरण बनेर देखाउन चाहन्छन् ।



उनले अहिले गाउँमै ज्वालामुखी कृषि फार्म दर्ता गरेकाछन् । २५ रोपनी आफ्नै र बाँकी भाडामा गरेर जम्मा ४८ रोपनी जग्गामा उनले कृषी व्यवसाय गरेकाछन् । हाल उनले फार्ममा ३०० वटा लोकल खुकुरा, ४० वटा हाँस, २० वटा टर्की, १ हजार माछा र १० वटा भैंसिका पाडा पालेकाछन् । १०० वटा बाख्रा पाल्न खोर निर्माण गरिसकेकाछन् ।

यो सँगै उनले गाउँपालिकाको निति निर्माणमा वैदेशिक रोजगारीको विषयलाई प्राथमिकताका साथ हेरिनु पर्नेमा पनि आवाज उठाईरहेका छन् । यसको लागि वैदेशिक रोजगारीबाट फर्किएका र देशमै केही गर्न चाहने युवाको सञ्जाल निर्माण गरेकाछन् । उनलाई लाग्छ, वैदेशिक रोजगारी विकल्प हुनसक्छ तर, दिगो विकल्प हुन सक्दैन । त्यसैले, उत्तम विकल्प आफ्नै व्यवसाय गर्नु हो ।

# भोइसेस आउट लाउड - मेरो कुरा

पालिका भित्र अहिले सकृय संक्रमित छैनन् । तर, सावधानी हट्दै गएकाले फेरी संक्रमण फैलिने हो कि भन्ने त्रास यथावत छ । तेश्रो लहरको चेतावनीसँगै कोरोना बिरुद्धको खोप लगाउनेको संख्या पनि बढेकाले त्यती धेरै असर नगर्ला कि भन्ने लागेको छ । तर, व्यक्तिगत स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउन छाड्यो भने चाहीँ के हुन्छ भन्न सकिन्न । दोश्रो लहरको बेला जस्तो बेड र अक्सिजन नपाएरै ज्यान गुमाउनु पर्ने अवस्था अब नआउला । पालिकाभित्र अक्सिजन र अस्पतालको संरचना तथा उपलव्धताको अवस्थामा अहिले सुधार भएको छ ।

## राम प्रसाद ढकाल

प्रमुख, सामूदायिक स्वास्थ्य इकाई,
ओमसतिया - १, रुपन्देही





## दधिराम न्यौपान

बडा अध्यक्ष,
बुटवल उप-महानगरपालिका - १४, रुपन्देही

अहिले वडा भित्र ५० वर्ष भन्दा माथी उमेर समुहका अधिकांश व्यक्तिले खोप लगाइसकेकाछन् । मैले पनि खोपको दुबै मात्रा लगाईसकेको छुँ । संक्रमण कम भए पनि स्वास्थ्यकर्मीसँगको समन्वयमा समुदायमा सचेतना फैलाउने क्रम जारी राखेका छौं । तर, सेवाग्राही भने कार्यालयमा सेवालिन आउँदा मास्क नै नलगाइकन आउन थालेको देखिन्छ । योसँगै चाड पर्वहरु पनि नजिकिदैछन् । यसले पनि विस्तारै भिडभाड बढाउँछ । स्थानीयहरुले स्वास्थ्य मापदण्डको पालना नगर्दा यो समयमा संक्रमण फेरी फैलिन्छकी भन्ने चुनौती भने यथावत छ ।

# FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

**फेयर फ्याक्ट्स** महामारीको संकट समाधान तर्फको भरपर्दो साथी हो जसले सक्रिय नागरिक, जिम्मेवार नेतृत्व र जवाफदेही  निकायलाई एक सुत्रमा जोड्दछ । साथसाथै, कोभिड - १९ सम्बन्धी गलत सूचना र हल्लाले निम्त्याउने समस्यालाई तथ्यमा आधारित जानकारीको माध्यमबाट समाधान गर्न प्रयास गर्दछ । कोरोनाले सृजित जटिल स्वास्थ्य संकट, जनजिविका र सामाजिक असुरक्षा जस्ता अतिनै संवेदनशिल विषयमा छिटो र विश्वसनिय सूचना संकलन गरी व्यवहारिक विश्लेषणको आधारमा समस्याको समाधान खोज्दछ ।

कोभिड - १९ फगत स्वास्थ्यसंग सम्बन्धित संकटमात्र होइन, यसले शासन प्रणलीको जवाफदेहिता नेतृत्वको निष्ठा र सामाजिक मुल्य मान्यतालाई पनि प्रभावित पार्दछ । Civic Action Team  कोरोना भाईरसलाई परास्त गर्न नसुनिएका किनाराका कथा र आवाजहरुको शक्तिलाई निष्पक्ष, पारदर्शी र न्यायोचित प्रतिकार्यमा उपयोग गर्न कृयाशिल सकृय र सृजनशिल समुदायको साझा मञ्च हो ।



Brought to you by:

accountabilitylab communities

**DISCLAIMER**

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगाको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**REACH OUT TO US ON**


@CivicActionTeams

@civacts

@CivActs

Civic Action Teams

/accountability_lab

Email: civactsnp@accountabilitylab.org

Phone: 9851203219